# बीमा ऐन, २०४९

## परिच्छेद - ५
## *बीमा अभिकर्ता, सर्भेयर र दलाल संबन्धी व्यवस्था

३०. बीमा अभिकर्ताको ...दर्ता : (१) बीमा अभिकर्ताको .....रुपमा काम गर्न चाहने #तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिले संबन्धित बीमकको सिफारिस सहित समितिमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि समितिले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजत पत्र दिन हुने देखिएमा निवेदकलाई तोकिएको दस्तूर लिई तोकिए बमोजिमको ढाँचामा बीमा अभिकर्ताको इजाजत पत्र दिनु पर्नेछ र इजाजत पत्र दिनु नपर्ने कुनै कारण भएमा त्यसको जानकारी समितिले संबन्धित निवेदकलाई दिनु पर्नेछ ।

#३०क. सर्भेयरको दर्ता : (१) सर्भेयरको रुपमा काम गर्न चाहने तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिले तोकिए बमोजिम समितिमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि समितिले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजतपत्र दिन हुने देखिएमा तोकिए बमोजिम दस्तूर लिई तोकिए बमोजिमको ढांचामा निवेदकलाई सर्भेयरको इजाजतपत्र दिनु पर्नेछ र इजाजतपत्र दिनु नपर्ने कुनै कारण भएमा त्यस्को जानकारी निवेदकलाई दिनु पर्नेछ ।

#३०ख. दलालको दर्ता : (१) दलालको रुपमा काम गर्न चाहने तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिले तोकिए बमोजिम समितिमा निवेदन दिनु पर्नेछ ।

*पहिलो संशोधनद्वारा संशोधित ।
पहिलो संशोधनद्वारा झिकिएको ।
#पहिलो संशोधनद्वारा थप गरिएको ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि समितिले उक्त निवेदन उपर जाँचबुझ गर्दा इजाजत पत्र दिन हुने देखिएमा तोकिए बमोजिम दस्तूर लिई तोकिए बमोजिमको ढांचामा निवेदकलाई दलालको इजाजत पत्र दिनु पर्नेछ र इजाजत पत्र दिनु नपर्ने कुनै कारण भएमा त्यसको जानकारी समितिले निवेदकलाई दिनु पर्नेछ ।

३१. इजाजत पत्रको अवधि र नवीकरण : (१) *बीमा अभिकर्ता, सर्भेयर वा दलालले आफ्नो इजाजत पत्र नवीकरणको लागि प्रत्येक वर्ष चैत्र मसान्तसम्ममा तोकिएको दस्तूर सहित तोकिएको ढांचामा समितिको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि समितिले *बीमा अभिकर्ता, सर्भेयर वा दलालको इजाजत पत्रको नवीकरण गरिदिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्याद भित्र कुनै *बीमा अभिकर्ता सर्भेयर वा दलालले आफ्नो इजाजत पत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाई निवेदन दिएमा र सो कारण मनासिब देखेमा समितिले तोकिए बमोजिम थप दस्तूर लिई बढीमा छ महिनाको म्याद थप गरिदिन सक्नेछ ।

३२. *बीमा अभिकर्ता, सर्भेयर र दलालको अयोग्यता : देहायका अवस्थामा कुनैपनि व्यक्ति *बीमा अभिकर्ता, सर्भेयर वा दलाल हुन सक्ने छैन :

(क) सोह्र वर्ष उमेर नपुगेको,
(ख) मानसिक स्थिति ठिक नभएको,
(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,
(घ) कुनै प्रकारको चोरी गरेको, ठगी गरेको वा आफ्नो जिम्मामा रहेको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, वा
(ङ) बीमा व्यवसाय संबन्धी काम गर्दा बीमक वा बीमा लेख लिनेको विरुद्ध हानि नोक्सानी हुने कुनै काम गरेको ।

३३. इजाजत पत्र खारेज हुने : (१) कुनै *बीमा अभिकर्ता, सर्भेयर वा दलाल ले दफा ३१ बमोजिम आफ्नो इजाजत पत्र नवीकरण नगराएमा, बीमालेख लिनेको हक हित विरुद्ध वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरेको छ भन्ने कुरामा समिति विश्वस्त भएमा समितिले त्यस्ता *बीमा अभिकर्ता, सर्भेयर वा दलालको इजाजत पत्र खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज गर्नु पूर्व समितिले निजलाई लगाइएको आरोप उपर स्पष्टीकरण पेश गर्न मनासिब समय दिनु पर्नेछ ।

*पहिलो संशोधनद्वारा संशोधित

# बीमा नियमावली, २०४९

## परिच्छेद – ४

## बिमा अभिकर्ता सम्वन्धी व्यवस्था

१९. **बीमा अभिकर्ता इजाजतपत्रको लागि निवेदन दिनु पर्ने** : ऐनको दफा ३० को उपदफा (१) बमोजिम विमा अभिकर्ताको रुपमा काम गर्न चाहने नियम २१ मा उल्लेखित योग्यता पुगेको व्यक्ति वा त्यस्तो योग्यता →पुगेको कुनै व्यक्ति संचालक रहेको संगठित संस्थाले सम्वन्धित बिमकको सिफारिशसहित अनुसूची–७ बमोजिमको ढाँचामा बिमा अभिकर्ताको इजाजतपत्रको लागि समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

२०. **बिमा अभिकर्ताको इजाजतपत्र दिनुपर्ने** : (१) नियम १९ बमोजिम बिमा अभिकर्ताको इजाजतपत्रको लागि निवेदन प्राप्त भएपछि समितिले नियम २१ बमोजिम निवेदकको योग्यता पुगे नपुगेको जाँचबुझ गरी निजलाई बिमा अभिकर्ताको रुपमा अनुसुची -८ बमोजिमको दर्ता कितावमा दर्ता गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम निवेदकको नाम दर्ता किताबमा दर्ता गरी सकेपछि समितिले निवेदकसँग बिमा अभिकर्ताको इजाजतपत्र वापत लाग्ने पाँच सय →रुपैयाँ दस्तुर लिई निजले बीमा अभिकर्ताको हैसियतवाट काम गर्न पाउने बिमा व्यवसाय समेत स्पष्ट रुपमा उल्लेख गरी अनुसुची –९ बमोजिमको ढाँचामा निजलाई बीमा अभिकर्ताको इजाजतपत्र दिनुपर्नेछ ।

→२१. बीमा अभिकर्ताको लागि योग्यता : (१) नियम १९ बमोजिम बिमा अभिकर्ताको इजाजतपत्रको लागि निवेदन दिन चाहने निवेदकको योग्यता देहाय वमोजिम हुनु पर्नेछ :-

(क) कम्तीमा एस.एल.सीं वा सो सरह परीक्षा उत्तीर्ण गरेको, र

(ख) समिति वा समितिवाट मान्यता प्राप्त गरेको संस्थाले बीमा अभिकर्ताको लागि संचालन गरेको सम्बन्धित बीमा व्यवसाय सम्बन्धी तालीममा सहभागी भई प्रमाणपत्र प्राप्त गरेको ।

→ दोश्रो संशोधनद्वारा संशोधित ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमा अभिकर्ताको इजाजतपत्रको लागि निवेदन दिन चाहने निवेदक संगठित संस्था भए त्यस्तो संगठित संस्थाको कुनै एक जना संचालकको योग्यता सोही उपनियमको खण्ड (क) र (ख) मा उल्लेख भए वमोजिम हुनु पर्नेछ ।

२२. बीमा अभिकर्ताको इजाजतपत्र नवीकरण सम्वन्धी व्यवस्था : (१) बिमा अभिकर्ताले आफ्नो इजाजतपत्र नवीकरण गराउनको लागि ऐनको दफा ३१ को उपदफा (१) वमोजिमको म्यादभित्र नवीकरण दस्तुर वापत दुई सय रुपैयाँ समेत संलग्न राखी अनुसुची –१० बमोजिमको ढाँचामा समितिको

कार्यालयमा निवेदन दिनुपर्नेछ । यसरी निवेदन प्राप्त भएमा समितिले त्यस्तो बिमा अभिकर्ताको इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र कुनै बिमा अभिकर्ताले आफ्नो इजाजतपत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाई समितिको कार्यालयमा निवेदन दिएमा र सो कारण मुनासिव देखिएमा समितिले नवीकरणको म्याद नाघेको पहिलो दुई महिनासम्मको लागि एक सय रुपैयाँ र त्यसपछिको चार महिना सम्मको लागि प्रति दिन पाँच रुपैंयाँ थप दस्तुर लिई त्यस्तो बिमा अभिकर्ताको इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बीमकले जीवन तथा निर्जीवन मध्ये कुनै एक बीमा व्यवसाय मात्र संचालन गरेको भएमा त्यस्तो बीमकको बीमा अभिकर्ताले सो बीमकले संचालन नगरेको बीमा व्यवसाय संचालन गर्ने कुनै अर्को बीमकको बीमा अभिकर्ता समेत भई कार्य गर्न सक्नेछ ।

$ २२ख. बीमा अभिकर्ताको आचारसंहिताः बीमा अभिकर्ताको आचार संहिता समितिले तोकिदिएवमोजिम हुनेछ ।

२३. बिमा अभिकर्ताले पाउने कमिशन रकम : (१) कुनै पनि बिमा अभिकर्तालाई बिमितले बुझाउने शुल्क रकममा देहायमा लेखिए भन्दा बढी हुने गरी कमिशन रकम दिइने छैनः–

(क) जीवन बिमाको सम्वन्धमा अनुसुची–११ मा उल्लेख भए बमोजिमको कमिशन रकम ।

(ख) निर्जीवन बीमाको सम्वन्धमा समितिले तोकिदिएबमोजिमको कमिशन रकम ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) मा उल्लेखित कमिशन रकमको अतिरिक्त बिमकले बिमा अभिकर्तालाई इन्सेन्टिभ बोनस समेत दिन सक्नेछ।

$ दोश्रो संशोधनद्वारा थप गरिएको

२४. काम गरेको अवधिको कमिशन पाउने : बिमा अभिकर्ताको इजाजतपत्र नवीकरण नगराएको कारणवाट ऐनको दफा ३३ बमोजिम खारेज भएता पनि निजले त्यस्तो नवीकरण नगराएको अवधिअघि बिमा व्यवसाय सम्वन्धी कुनै काम गरेको रहेछ भने बिमकले निजलाई नियम २३ बमोजिम पाउने कमिशन वापतको रकम दिनु पर्नेछ ।

२५. हकवालाले कमिशन रकम पाउने : यस नियमावली बमोजिम बिमा अभिकर्ताले पाउने कमिशन रकम लिन नपाउँदै निजको मृत्यु हुन गएमा निजले पाउने कमिशन रकम निजको हकवालाले पाउनेछ ।

## परिच्छेद – ५

## सर्भेयर सम्वन्धी व्यवस्था

२६. सर्भेयरको इजाजतपत्रको लागि निवेदन दिनुपर्ने : ऐनको दफा #३०क.को उपदफा (१) बमोजिम सर्भेयरको रुपमा काम गर्न चाहने नियम २८ मा उल्लेखित → योग्यता पुगेका व्यक्ति वा संगठित संस्थाले ☐ ......अनुसूची १२ बमोजिमको ढाँचामा इजाजतपत्रको लागि समितिको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

* →२७. सर्भेयरको इजाजतपत्र दिनुपर्ने : (१) नियम २६ बमोजिम सर्भेयरको इजाजतपत्रको लागि निवेदन प्राप्त भएपछि समितिले नियम २८ बमोजिम निवेदकको योग्यता पुगे नपुगेको जाँचबुझ गरी निजलाई सर्भेयरको इजाजतपत्र दिन उपयुक्त देखेमा निजको नाम सर्भेयरको रुपमा अनुसुची १३ बमोजिमको दर्ता किताबमा दर्ता गर्नुपर्नेछ ।

* पहिलो संशोधनद्वारा संशोधित
# पहिलो संशोधनद्वारा थप गरिएको
☐ पहिलो संशोधनद्वारा झिकिएको
→ दोश्रो संशोधनद्वारा संशोधित

(२) उपनियम (१) बमोजिम निवेदकको नाम दर्ता किताबमा दर्ता गरिसकेपछि समितिले निवेदकसँग इजाजतपत्र वापत नियम २८क. बमोजिम “क” वर्गको इजाजतपत्र भए बाह्र हजार रुपैयाँ, “ख” वर्गको इजाजतपत्र भए नौ हजार रुपैयाँ, “ग” वर्गको इजाजतपत्र भए सात हजार रुपैयाँ र “घ” वर्गको इजाजतपत्र भए पाँच हजार रुपैयाँ दस्तुर लिई त्यस्तो निवेदकलाई अनुसूची -१४ वमोजिमको ढाँचामा सर्भेयरको इजाजतपत्र दिनु पर्नेछ ।

→२८. सर्भेयरको लागि योग्यता : (१) नियम २६ बमोजिम सर्भेयरको इजाजतपत्रको लागि निवेदन दिन चाहने निवेदकको देहायका मध्ये कुनै एक योग्यता पुगेको हुनु पर्नेछ :-

(क) कुनै बीमकको कार्यालयमा अधिकृतस्तरको पदमा कम्तीमा दश बर्षसम्म बिमा व्यवसायसँग सम्वन्धित कार्यको अनुभव हासिल गरेको,

(ख) इन्जीनियरिङ्ग बिषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको,

(ग) अन्तर्राष्ट्रियस्तरका चार्टर्ड इन्स्योरेन्स इन्स्टिच्यूट वा त्यस्ता संस्थाको मान्यता प्राप्त संस्थाबाट बीमा सम्बन्धी विषयमा कम्तीमा स्नातक उपाधी हासिल गरेको, वा

(घ) चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तिर्ण गरेको ।

(२) उपनियम (१) को खण्ड (क), (ख), (ग) वा (घ) वमोजिम योग्यता पुगेको निवेदकले सर्भेयरको इजाजतपत्र प्राप्त गर्नु अघि समितिले संचालन गरेको सर्भेयर सम्बन्धी तालीममा सहभागी भई तालीम पूरा गरेको प्रमाणपत्र प्राप्त गरेको हुनु पर्नेछ ।

#➤२८क. <u>सर्भेयरको वर्गीकरण</u> : सर्भेयरको इजाजतपत्र प्राप्त गरी सर्भेयरको रुपमा काम गर्दै आएका देहायको अवधि पूरा गरेका सर्भेयरलाई यो नियम प्रारम्भ भएपछि देहायवमोजिम वर्गीकरण गरी सर्भेयरको इजाजतपत्र दिइनेछ :-

(क) पन्ध्र वर्षभन्दा वढी अवधि नियमित रुपमा सर्भेयरको काम गरेका सर्भेयरलाई "क" वर्ग,

(ख) दश वर्षदेखि पन्ध वर्षसम्म नियमित रुपमा सर्भेयरको काम गरेका सर्भेयरलाई "ख" वर्ग,

(ग) पाँच वर्षदेखि दश वर्षसम्म नियमित रुपमा सर्भेयरको रुपमा काम गरेका सर्भेयरलाई "ग" वर्ग,

(घ) पाँच वर्षसम्म नियमित रुपमा सर्भेयरको काम गरेका सर्भेयरलाई "घ" वर्ग,

# पहिलो संशोधनद्वारा थप गरिएको

➤ दोश्रो संशोधनद्वारा संशोधित

२९. <u>सर्भेयरको इजाजतपत्र नवीकरण सम्वन्धी व्यवस्था</u> : (१) सर्भेयरले आफ्नो इजाजतपत्र नवीकरण गराउनको लागि ऐनको दफा ३१ को➤उपदफा (१) बमोजिमको म्यादभित्र नवीकरण दस्तुर बापत * <u>"क" वर्गको इजाजतपत्र भए बाह्र हजार रुपैंयाँ, "ख" वर्गको इजाजतपत्र भए नौ हजार रुपैयाँ, "ग" वर्गको इजाजतपत्र भए सात हजार रुपैयाँ र "घ" वर्गको इजाजतपत्र भए पाँच हजार रुपैयाँ</u> समेत संलग्न राखी अनुसूची -१५ बमोजिमको ढाँचामा समितिको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिमको म्यादभित्र कुनै सर्भेयरले आफ्नो इजाजतपत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाई समितिको कार्यालयमा निवेदन दिएमा सो कारण मुनासिव देखिएमा समितिले नवीकरणको म्याद नाघेको पहिलो दुई महिनासम्मको लागि पाँच सय रुपैयाँ र त्यस पछिको चार महिनासम्मको लागि प्रति दिन पचास रुपैयाँ थप दस्तूर लिई त्यस्तो इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ ।

$२९क. <u>सर्भे गर्न पाउने सीमा :</u> (१) नियम २८क. वमोजिम प्रत्येक वर्गको सर्भेयरले गर्न पाउने सर्भे सम्बन्धी सीमा समितिले तोकिदिए वमोजिम हुनेछ ।

(२) सर्भेयरको आचारसंहिता समितिले तोकिदिए वमोजिम हुनेछ ।

३०. <u>सर्भेयरको इजाजतपत्र खारेज भएमा</u> : कुनै सर्भेयरको इजाजतपत्र ऐनको दफा ३३ बमोजिम खारेज भएमा त्यसरी खारेज भएको मितिले पाँच बर्षसम्मको अवधिको लागि निजलाई सर्भेयरको रुपमा काम गर्नको लागि अर्को सर्भेयरको इजाजतपत्र दिइने छैन ।